संवत् २०७५ सालको ऐन नं.............

# प्रदेश नं. ५ दाना पदार्थको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना :** दाना पदार्थमा अवान्छनीय मिसावट रोक्न र दाना पदार्थमा रहेको कुनै स्वाभाविक गुण र उपयोगिता घटाउन वा झिक्न नपाउने गरी दाना पदार्थको उचित गुणस्तर बनाई राख्न वान्छनीय भएकोले,

प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "प्रदेश नं. ५, दाना पदार्थ ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "दाना पदार्थ" भन्नाले पशु, पन्छी र माछाले खाने, पिउने वस्तु वा त्यस्ता वस्तुहरुको सम्मिश्रणबाट बनेको अरु कुनै खाने पिउने वस्तु सम्झनु पर्छ ।

(ख) "दाना निरीक्षक" भन्नाले दफा ५ बमोजिम नियुक्त भएको वा तोकिएको दाना निरीक्षक सम्झनु पर्छ ।

(ग) "दूषित दाना पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको दाना पदार्थ सम्झनु पर्छ:

(१) दफा १० बमोजिम निर्धारित गरिएको गुणस्तर भन्दा कमसल हुनेगरी प्रमुख अंकको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ संमिश्रण गरिएको दाना पदार्थ,

(२) पशु, पन्छी र माछालाई हानीकारक हुने गरी सडेको, गलेको वा फोहोर मैला वा विषादी अवस्थामा राखिएको वा तयार गरिएको दाना पदार्थ,

(३) केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोग कारक पशु, पन्छी वा हानीकारक वनस्पतिबाट बनेको दाना पदार्थ,

(४) यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तर भन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको दाना पदार्थ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ को कृषि, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले प्रदेश नं. ५ को कृषि, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालयका सचिव सम्झनु पर्छ ।

३. **दूषित दाना पदार्थको उत्पादन, बिक्री, वितरण, निकासी, पैठारी तथा संचय गर्न नपाइने :** कुनै व्यक्तिले दूषित दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी वा संचय गर्न हुँदैन ।

४. **ढाँटी झुक्याई दाना पदार्थको बिक्री वितरण गर्न नहुने :** कसैले कुनै दाना पदार्थलाई अर्को दाना पदार्थ हो भनी वा कुनै कम गुणस्तरको दाना पदार्थलाई माथिल्लो स्तरको दाना पदार्थ हो भनी ढाँटी वा झुक्याई बिक्री वा वितरण गर्न हुँदैन ।

५. **दाना निरीक्षकको नियुक्ति र अधिकार :** (१) यो ऐनको प्रयोजनका निमित्त मन्त्रालयले दाना निरीक्षक नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) यस ऐनको अन्य दफाहरुमा लेखिएदेखि बाहेक दाना निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. **दाना पदार्थ रोक्का राख्न सकिने** : (१) कुनै दाना पदार्थ दूषित हो भन्ने शंका लागेमा दाना निरीक्षकले त्यस्तो दाना पदार्थ सिलवन्दी गरी सोको धनीलाई नै जिम्मा लगाई त्यसको भरपाई निजबाट लिई रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का भएको दाना पदार्थ दुषित हो भन्ने अनुसन्धान प्रयोगशालाको परीक्षणबाट ठहरिएपछि दाना निरीक्षकको आदेशले सो दाना पदार्थ जफत हुन सक्नेछ र त्यस्तो दाना पदार्थ नष्ट गर्नुपर्ने रहेछ भने त्यसको नष्ट गर्न लाग्ने खर्च समेत दाना पदार्थको धनीले व्यहोर्नु पर्नेछ ।

७. **अनुज्ञापत्र लिनुपर्ने** : (१) तोकिएको दाना पदार्थ उत्पादन वा बिक्री वितरण गर्न चाहने व्यक्तिले तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सिलवन्दी भएका दाना पदार्थका हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक बिक्रेताबाट तोकिए बमोजिम जमानतपत्र प्राप्त खुद्रा बिक्रेताले यस दफा बमोजिम अनुज्ञापत्र लिनु पर्नेछैन ।

८. **दण्ड सजाय** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशको उल्लघंन गर्ने व्यक्तिलाई पहिलो पटक पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटक पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

९. **फर्म वा संगठित संस्थाले गरेको अपराधको दायित्व** : कुनै फर्म वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेश उल्लघंन गरेमा फर्मको हकमा सो फर्मको धनी वा साझेदार र कुनै संगठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा ८ को प्रयोजनका लागि सजायको भागी हुनेछ ।

तर आफू धनी, साझेदार वा त्यस्तो प्रशासकीय अधिकारी हुनुभन्दा अगावै गरेको काम कुराका हकमा वा सो उल्लघंन भएको कुरा थाहा पाउन नसक्ने स्थिति थियो भन्ने प्रमाणित गरेमा सो व्यक्ति त्यस्तो सजायको भागी हुने छैन ।

१०. **दाना पदार्थको गुणस्तर तोक्ने अधिकार :** कुनै दाना पदार्थमा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्छ भन्ने कुराका सम्बन्धमा प्रदेश सरकारले समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश दिन सक्नेछ ।

११. **दाना पदार्थको जाँच :** कुनै दाना पदार्थ दूषित हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा समयमै गराई सो अनुसन्धानशालाको सम्बन्धित अधिकारीबाट प्रतिवेदन लिइनेछ ।

१२. **दानाको गुणस्तर निर्धारण समिति** : मन्त्रालयले आवश्यकता अनुसार दानाको गुणस्तर निर्धारण गर्न तोकिए बमोजिम एक दानाको गुणस्तर निर्धारण समिति गठन गर्न सक्नेछ । उक्त समितिको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. **प्रदेश सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ ।

१४. **मुद्दाको तहकिकात र दायरी :** (१) यस ऐन अन्तर्गतको मुद्दाको तहकिकात दाना निरीक्षकले गर्नेछ र तहकिकात पूरा गरी निजले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा दाना निरीक्षकले सरकारी वकिलको राय लिन सक्नेछ ।

१५. **मुद्दा हेर्ने अधिकारी :** यस ऐन अन्तर्गतको मुद्दा मामिलाको शुरु कार्वाही र किनारा गर्ने अधिकार मन्त्रालयले तोकेको अधिकारीलाई हुनेछ ।

१६. **पुनरावेदन :** दफा १५ बमोजिमको मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक्काईस दिनभित्र सो निर्णय उपर मन्त्रालयका सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

१७. **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

१८. **<u>बचाउ</u>** : यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।